Surkhet Journal
[A Peer-Reviewed, Open-Access, Indexed in NepJOL, DOI, Multidisciplinary Journal]
ISSN 2362-1230 (Print)
Published by the Research Management Cell (RMC)
Surkhet Multiple Campus, Birendranagar, Surkhet
Tribhuvan University
DOI:https://doi. org/10. 3126/surkhetj. v3i1. 84742

अछामी भाषामा वचन, लिङ्ग र क्रियाविशेषणबीच सङ्गति व्यवस्था

Received on 2 July, 2025, Accepted on 20 August, 2025, Published on September, 2025

हर्क बहादुर शाही
विद्यावारिधि, सहप्राध्यापक
त्रिवि, अनुसन्धान निर्देशनालय कीर्तिपुर
shahiharka4820752gmail=com
https://orcid.org/009-0007-4068-3175

लेखसार

प्रस्तुत लेख नेपालको सुदूरपश्चिम प्रदेशस्थित अछाम जिल्लामा बोलिने अछामी भाषाको व्याकरणिक विशेषतामा केन्द्रित छ । यसले अछामी भाषामा कर्ता, कर्म र क्रियाविशेषणबीच वचन र लिङ्गका आधारमा हुने सङ्गति व्यवस्थाको विश्लेषण गर्ने उद्देश्य राखेको छ । अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ, जसको लागि शाही (२०७०) को विद्यावारिधि शोधप्रबन्धका साथै अन्य उपलब्ध लेख तथा दस्तावेजहरूलाई द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ, साथै प्राथमिक जानकारी सङ्कलन गर्न अछामका स्थानीय मातृभाषीहरूसँग गैर-संरचित अन्तर्वार्ता र मौखिक अभिव्यक्तिको अभिलेखीकरण पनि गरिएको छ। यस अनुसन्धानबाट अछामी भाषामा नाम तथा क्रियाविशेषणबीच लिङ्ग र वचनका आधारमा सङ्गति हुने विशिष्ट भाषिक विशेषता रहेको छ, जुन भारतीय-आर्य परिवारका अन्य भाषाहरूमा देखिदैन । अध्ययनले अछामी भाषाका मूल र व्युत्पन्न दुवै प्रकारका स्थानिक क्रियाविशेषणहरू नाम र कर्मको लिङ्ग तथा वचन अनुसार रूपायन हुने तथ्यलाई उदाहरणसहित पुष्टि गररिएको छ । यो मौलिक भाषिक संरचनाले अछामी भाषालाई नेपालीको भाषिका नभई छुट्टै र स्वतन्त्र भाषाको रूपमा स्थापित गरेको छ । यसमा भाषा र समाजबीचको अन्योन्याश्रित सम्बन्धलाई जोड दिँदै क्रियाविशेषणमा समेत लिङ्गको आधारमा हुने रूपगत भेदले अछामी समाजमा विद्यमान लैङ्गिक असमानतालाई प्रतिबिम्बित गर्न सक्ने कुरालाई सङ्केत गर्छ । यो लेखले अछामी भाषाको भाषिक दस्तावेजीकरणमा योगदान पुऱ्याउनुका साथै यसको संरक्षण र प्रवर्द्धनका लागि आधार प्रदान गरेको छ ।

शब्दकुञ्जी : भाषा, स्थानिक क्रियाविशेषण, पदसङ्गति, अछामी भाषा, मूल स्थानिक ।

परिचय

भाषा मानव समाजको एक मौलिक सम्पत्ति हो, जसले मानिसका भावना, विचार, अनुभव र संस्कृतिलाई अभिव्यक्त गर्ने कार्य गर्छ । नेपालको बहुभाषिक समाजमा अछामी भाषा पनि एक महत्त्वपूर्ण मातृभाषाका रूपमा रहेको छ । यो मूलतः सुदूरपश्चिम प्रदेशको अछाम जिल्लामा बोलिन्छ र नेपालको राष्ट्रिय जनगणना २०७८ को मातृभाषा सूचीमा सत्रौं स्थानमा सूचीकृत छ । विगतमा अछामी भाषालाई नेपाली भाषाको एक भाषिक भेद (भाषिका) को रूपमा मानिन्थ्यो, जसरी कुमाउनी र गढवालीलाई हिन्दीका बोली मानिन्छ । यस प्रकारको भाषिक वर्गीकरण ऐतिहासिक र भौगोलिक निकटतामा आधारित थियो । सन् २०११ को जनगणनापछि अछामीले छुट्टै भाषाको हैसियत प्राप्त गरेको देखिन्छ । यसको भाषिक अस्तित्वलाई भाषावैज्ञानिक अध्ययनले पनि प्रमाणित गरेको छ। नेपालमा भएको समाज-भाषा वैज्ञानिक सर्वेक्षण अन्तर्गत २१० आधारभूत शब्दावलीको बोधगम्यता परीक्षणले नेपाली र अछामीबीच केवल ४४ प्रतिशत मात्र शाब्दिक समानता रहेको देखाएको छ । भाषावैज्ञानिक सिद्धान्तअनुसार दुई भाषिक भेदलाई एउटै भाषाको भाषिका मान्नका लागि ६० प्रतिशतभन्दा बढी शाब्दिक समानता हुनुपर्छ । यस आधारमा अछामी नेपालीको भाषिका नभई एक स्वतन्त्र भाषाका रूपमा पुष्टि भएको छ, जसले यसको मौलिक भाषिक संरचनालाई थप अध्ययन योग्य बनाएको छ ।

यस भाषाको ध्वनि रचना र व्याकरणिक संरचनामा केही विशिष्ट विशेषताहरू पाइन्छन्, विशेष गरी वचन र लिङ्गको सङ्गतिमा यसप्रकारको विशेषता पाइन्छ । दैनिक बोलचालमा क्रियापद, संज्ञा र विशेषणको मिलन तथा वचनको आधारमा क्रियाको रूप परिवर्तनमा विशेष समायोजन भएको पाइन्छ, यद्यपि अछामी भाषाको वैज्ञानिक अध्ययन नभएकाले वचन तथा लिङ्गको सङ्गतिसम्बन्धी व्याकरणिक संरचनाको सूक्ष्म अध्ययन न्यून रहेको छ । यस प्रकारका भाषिक संरचनाको अध्ययनले अछामी भाषाको मौलिकतालाई दस्तावेजीकरण गर्न मात्र नभई यसको जातीय पहिचान, भाषिक चेतना र सामाजिक संरचनासमेत प्रकट गर्न मद्दत गर्छ । यसै आवश्यकतालाई ध्यानमा राख्दै, यस लेखले अछामी भाषाको वचन र लिङ्गको सङ्गति व्यवस्थालाई विश्लेषणले यस भाषाको भाषिक स्वरूपको प्रामाणिक दस्तावेजीकरणमा महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ ।

अछामी भाषाका सम्बन्धमा विगतमा थुप्रै अनुसन्धान र शोधकार्य भएका छन् । यसको ऐतिहासिक पृष्ठभूमि १३३७ सालको अक्षय मल्लको शिलालेखसम्म पुग्छ । नेपाली भाषालाई एक पहाडी भाषा मान्ने ग्रियर्सन (१९३१) को वर्गीकरणअनुसार अछामी भाषा पनि एक पहाडी भाषा हो । विभिन्न भाषाविद् हरूले अछामीलाई नेपालीको उपभाषिका मानेका थिए, तर शाही (२०७०) ले आफ्नो विद्यावारिधि शोधप्रबन्धमा कम्प्युटेस्नल लिङ्ग्विस्टिक्सको प्रयोग गरी अछामीलाई छुट्टै भाषाका रूपमा स्थापित गरेका छन् ।

स्नातकोत्तर र विद्यावारिधि तहमा अछामी भाषासम्बन्धी अनेकौं अनुसन्धानहरू भएका छन् ।

घोडासैनी (२०७२) ले अछामी व्याकरणको नै तयार पारेका छन् । त्यस्तै उपाध्याय (२०७२) ले अछामी र नेपाली भाषाको व्यतिरेकी अध्ययन गरेका छन् भने ढकाल (२०६२), शाह (२०६६) र सोडारी (२०६७) जस्ता शोधकर्ताहरूले अछामी भाषाका व्याकरणिक कोटि, शब्दकोश निर्माण र उच्चारणसम्बन्धी अध्ययन गरेका छन् ४ । यी अध्ययनहरूले अछामीको ध्वनिरूप, व्याकरण र शब्द निर्माणमा पर्याप्त जानकारी प्रदान गरेका छन् । हर्कबहादुर शाहीले अछामी भाषाका पदसङ्गति (२०१६) र संयुक्त क्रिया (२०७३) जस्ता विषयमा अनुसन्धानमूलक लेखहरू पनि प्रकाशित गरेका छन् । यसरी अछामी भाषामाथिको पूर्ववर्ती अध्ययनले यसका विविध पक्षहरूमा प्रकाश पारेको छ र वर्तमान अध्ययनले ती ज्ञानमा थप योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस लेखको मूल उद्देश्य अछामी भाषाको व्याकरणिक संरचनामा पाइने वचन र लिङ्गको सङ्गति व्यवस्थाको विश्लेषण गर्नु हो। यसअन्तर्गत अछामी भाषाको परिचय प्रस्तुत गरी यस भाषाको स्वरूप, प्रयोग क्षेत्र र भाषिक पहिचानबारे आधारभूत जानकारी प्रदान गर्नु, कर्ता, कर्म र क्रियाविशेषणबीच वचन र लिङ्गका आधारमा हुने सङ्गति व्यवस्थालाई उदाहरणसहित स्पष्ट पार्नु र भाषिक विशेषताको सामाजिक-सांस्कृतिक महत्त्वको विश्लेषण गरी अछामी भाषामा वचन र लिङ्गको प्रयोगले सामाजिक पहिचान, सांस्कृतिक व्यवहार र सामुदायिक भाषिक चेतनामा पारेको प्रभावलाई उजागर गर्ने प्रयास गरिएको छ । यसरी प्रस्तुत उद्देश्यहरूले अछामी भाषाको व्याकरणिक संरचना मात्र नभई यसको सामाजिक-सांस्कृतिक पक्षलाई समेत बुझ्न सहयोग पुऱ्याएको छ ।

अध्ययन विधि

प्रस्तुत अनुसन्धानमा गुणात्मक अध्ययन विधि अवलम्बन गरिएको छ । यो विधि भाषाका विशिष्ट व्याकरणिक नियमहरू र तिनका सूक्ष्म भेदहरूको गहिरो विश्लेषणका लागि उपयुक्त मानिन्छ। अध्ययनलाई अझ प्रामाणिक बनाउनका लागि क्षेत्रीय अध्ययन र अभिलेखिकरण विधि को प्रयोग गरिएको छ। अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन गर्न मुख्यतया दुईवटा स्रोतहरूमा भर परेको छ। प्राथमिक स्रोतका रूपमा, अछाम जिल्लाका विभिन्न स्थानमा बसोबास गर्ने, फरक-फरक उमेर र लिङ्गका मातृभाषी वक्ताहरूसँग गैर-संरचित अन्तर्वार्ता र मौखिक अभिव्यक्तिको अभिलेखिकरण गरिएको छ । यसले भाषाको व्यवहारिक प्रयोगको तथ्य सङ्कलन गर्न सहयोग पुऱ्याएको छ । द्वितीयक स्रोतका रूपमा, लेखकको आफ्नै विद्यावारिधि शोधप्रबन्ध ('अछामी भाषाको अध्ययन' २०७०) लाई प्रमुख आधार मानिएको छ । यसबाहेक, अछामी भाषासम्बन्धी अन्य उपलब्ध लेख, शोधप्रबन्ध, दस्तावेज र व्याकरणिक विवरणहरूको पनि गहन अध्ययन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण भाषिक विधिको प्रयोग गरी गरिएको छ । यसमा वचन (एकवचन-बहुवचन) र लिङ्ग (पुंल्लिङ्ग-स्त्रीलिङ्ग) का आधारमा नाम, कर्ता, कर्म र क्रियाविशेषणको पारस्परिक सम्बन्ध र रूपान्तरणको नियमहरूलाई सूक्ष्म रूपमा विश्लेषण गरिएको छ। यसले अछामी भाषाको व्याकरणिक विशेषतालाई पहिचान गर्न र व्यवस्थित रूपमा प्रस्तुत गर्न मद्दत पुऱ्याएको छ । अध्ययनका निष्कर्षहरूलाई प्रमाणित गर्नका लागि उदाहरणहरू र तथ्याङ्क तालिकाको प्रयोग गरिएको छ, जसले अनुसन्धानको विश्वसनीयता बढाएको छ ।

परिणाम र छलफल

यसको परिणाम र छलफलअन्तर्गत पदसङ्गतिको सैद्धान्तिक अवधारणा, भारोपेली र भोट-बर्मेली भाषाहरूमा पदसङ्गति, पहाडी भाषिक परिवारमा क्रियाविशेषणको सङ्गति, अछामी भाषाको वर्तमान स्थिति, पदसङ्गतिका मौलिक विशेषताहरू, नाम र मूल स्थानिक क्रियाविशेषणबीच सङ्गति, नाम र व्युत्पन्न क्रियाविशेषणबीच सङ्गति, कर्म र क्रियाविशेषणको सङ्गतिको बारेमा छलफल गरिएको छ ।

पदसङ्गतिको सैद्धान्तिक अवधारणा

पदसङ्गति (Collocation) भाषाको प्रयोगमा एक आधारभूत पक्ष हो जसले कुनै शब्द अर्को कुन शब्दसँग स्वाभाविक रूपमा आउन सक्छ भन्ने कुरालाई स्पष्ट पार्छ। यसको सैद्धान्तिक विकास मुख्यतया संरचनावादी र प्रयोगवादी भाषाविज्ञानको प्रभावमा भएको पाइन्छ। भाषावैज्ञानिक जे. आर. फर्थ (J. R. Firth, ९५७) लाई यस अवधारणाको विकास गर्ने पहिलो व्यक्ति मानिन्छ । उनको भनाइअनुसार कुनै पनि शब्दलाई चिन्नका लागि अन्य शब्दहरूको आधारमा चाहिन्छ भनेका छन, यसबाट पदसङ्गतिको कति महत्त्व छ भन्ने कुरा स्पष्ट हुन्छ । फर्थपछि जोन सिनक्लेयर (John Sinclair, ९९) ले कर्पस भाषाविज्ञानको माध्यमबाट पदसङ्गतिको व्यवहारगत विशेषतालाई अझ स्पष्ट पारे । उनले भाषिक प्रयोगमा दुई प्रकारका सिद्धान्त प्रस्तुत गरेः स्वतन्त्र छनोटको सिद्धान्त (open choice principle) र मुहावराको सिद्धान्त (idiom principle) । मुहावराको सिद्धान्तअनुसार धेरैजसो भाषिक प्रयोग पूर्व-निर्धारित ढाँचामा आधारित हुन्छ। नेपालीमा “गहिरो शोक” वा “तीव्र आलोचना” जस्ता संयोजनहरू स्वाभाविक लाग्छन्, जबकि “उज्यालो शोक” वा “गहिरो आलोचना” अस्वाभाविक हुन्छ । माइकल होए (Michael Hoey, २००५) ले “Lexical Priming” नामक सिद्धान्तमार्फत यो अवधारणालाई थप व्याख्या गर्दै व्यक्तिले भाषा सिक्ने अनुभवका आधारमा पदसङ्गति निर्माण हुने तर्क दिए। यसले पदसङ्गति केवल व्याकरणिक नियममा मात्र सीमित नभई प्रयोगकर्ताको मानसिक संरचनामा पनि निहित हुन्छ भन्ने देखाउँछ। मातृभाषी वक्ताहरूले वाक्यभन्दा पनि “lexical chunks” (पदसमूह) को रूपमा भाषा प्रयोग गर्ने पावली (Pawley) र साइडर (Syder) (९८३) को अवधारणाले पनि यही कुरालाई पुष्टि गर्छ। पदसङ्गतिको ज्ञान भाषाशिक्षण, अनुवाद र भाषिक प्रवाहमा अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

भारोपेली र भोट-बर्मेली भाषाहरूमा पदसङ्गति

नेपालमा बोलिने भाषाहरू मुख्यतः दुई प्रमुख भाषिक परिवार, भारोपेली (भारतीय-आर्य) र भोट-बर्मेली अन्तर्गत पर्छन् । यी दुई परिवारका भाषाहरूको पदसङ्गति व्यवस्थामा भिन्नता पाइन्छ । भारोपेली परिवारका भाषाहरूमा लिङ्ग, वचन र आदरका आधारमा पदसङ्गति हुने गर्छ। जस्तै, मैथिली भाषामा आदरार्थी पदसङ्गतिको विशेष महत्त्व रहेको छ, जसले मैथिली समाजको सामाजिक सम्बन्धलाई प्रतिबिम्बित गर्छ । यसको विपरीत, भोट-बर्मेली परिवारको नेवारी (नेपाल भाषा) मा क्रियापदको पदसङ्गति लिङ्गको आधारमा नभई वचन र पुरुषका आधारमा मात्र हुन्छ। यसबाट भाषाको सामाजिक संरचना र भाषिक परिवारअनुसार पदसङ्गति व्यवस्था फरक हुने देखिन्छ ।

पहाडी भाषिक परिवारमा क्रियाविशेषणको सङ्गति

सामान्यतया, क्रियाविशेषणलाई अव्यय (अविकारी) शब्द मानिन्छ, जसको रूप लिङ्ग, वचन वा कारकका आधारमा परिवर्तन हुँदैन तर, भारतीय-आर्य परिवारकै पहाडी भाषा समूहमा एक अनौठो भाषिक विशेषता पाइन्छ । पोखरेल (२०७६) को अध्ययन अनुसार, कर्णाली प्रदेशका जुम्ला, हुम्ला लगायतका जिल्लाहरू र सुदूरपश्चिम प्रदेशका अछाम, बझाङ, डोटी र बैतडीका केही भागमा बोलिने खस भाषामा अव्ययको पनि लिङ्ग, वचन र आदरका आधारमा विचलन हुन्छ । यस्तो व्यवहार संसारका अन्य भाषाहरूमा विरलै पाइन्छ । अछामी भाषा पनि यही खस भाषा परिवारअन्तर्गत पर्ने हुँदा, यसमा पनि नाम र स्थानिक क्रियाविशेषणबीच वचन र लिङ्गको आधारमा सङ्गति भएको पाइन्छ । यो विशेषताले अछामी भाषाको व्याकरणिक संरचनालाई अद्वितीय बनाउँछ ।

अछामी भाषाको वर्तमान स्थिति

नेपालको जनगणना २०७८ अनुसार अछामी भाषा बोल्नेको सङ्ख्या १,४१,४४४ रहेको छ, जुन जनगणना २०६८ को तथ्याङ्क १,४२,७८७ भन्दा केही कम हो । यो भाषा एक लाखभन्दा बढी वक्ता भएको मातृभाषाको सूचीमा १७औं स्थानमा पर्छ । यसका अतिरिक्त, ६,५२२ जनाले यसलाई दोस्रो भाषाको रूपमा बोल्ने गरेका छन् भने ३,९६,५०३ जनाले यसलाई आफ्नो पूर्खाको भाषा मानेका छन् । यस भाषामा पहल्मान सिंह स्वारको 'लालुभागा' (नाट्य कृति) जस्ता मौलिक साहित्यिक कृतिहरू पनि उपलब्ध छन् । हाल अछामी भाषा गोरखापत्रको 'नयाँ नेपालको भाषा' पृष्ठमा प्रकाशित हुने गरेको छ र अछाम जिल्लाका सातवटा एफएम रेडियोबाट यस भाषामा विभिन्न कार्यक्रम र समाचार समेत प्रसारण हुने गरेका छन् । युट्युब र टिकटक जस्ता सामाजिक सञ्जाल र चलचित्रका माध्यमबाट पनि यसको प्रयोग विस्तार हुँदै गएको छ । यसले अछामी भाषाको जीवन्तता र सक्रियतालाई देखाउँछ ।

अछामी वचन, लिङ्ग र क्रियाविशेषणबीच पदसङ्गति

अछामी भाषाको सबैभन्दा मौलिक र महत्त्वपूर्ण विशेषता मध्ये एक, नाम र क्रियाविशेषणबीचको सङ्गति हो । सामान्यतः नेपाली व्याकरणअनुसार क्रियाविशेषण अविकारी हुन्छ, अर्थात् यसको रूप लिङ्ग, वचन वा पुरुषका आधारमा परिवर्तन हुँदैन, अछामी भाषामा भने पदसङ्गतिगत विशेषताहरू यसप्रकार रहेका छन्।

नाम र मूल स्थानिक क्रियाविशेषणबीच सङ्गति

आफ्नै मौलिक रूप भएका अरू शब्दबाट नबनेका क्रियाविशेषण मूल स्थानिक क्रियाविशेषण हुन्। यिनीहरूको निर्माण हुँदैन, यी आफैमा पूर्ण शब्द हुन् । जस्तै यहाँ, त्यहाँ, माथि, तल, आज, भोलि, सधैँ वर, पर आदि । मूल स्थानिक क्रियाविशेषणहरू जस्तैः यहाँ, त्यहाँ, कहाँ, जहाँ, माथि, तल, भित्र, बाहिर, पर, नजिक, अगाडि, पछाडि आदि अविकारी शब्द हुन् । नेपाली लगायत धेरै भाषामा 'अविकारी' को अर्थ यिनीहरूको रूप वाक्यमा प्रयोग भएका अन्य शब्दहरूको लिङ्ग वा वचनअनुसार परिवर्तन हुँदैन भन्ने रहेको छ तर अछामी भाषामा नाम र स्थानिक क्रियाविशेषणकाबीचको सङ्गति व्यवस्था यसप्रकार रहेको पाइन्छ ।

तालिका १

नाम र मूल स्थानिक क्रियाविशेषणबीच सङ्गति

क.सं.	वाक्य (अछामी)	विश्लेषण	वाक्य (नेपाली)	लिङ्ग	वचन
१	फल्याउटो ओडो आयो	केटो-एव. पु. वर-क्रिवि. एव. पु. आउ-भू-एव. पु.	केटो वर आयो।	पुलिङ्ग	एकवचन
२	फल्याउटि ओडि आइ	केटी-एव. स्त्री. वर-क्रिवि. एव. स्त्री. आउ-भू-एव. स्त्री.	केटी वर आइ। स्त्रीलिङ्ग	एकवचन	
३	फल्याउटा ओडा आया	केटा-वव. पु. वर-क्रिवि. वव. पु. आउ-भू-वव. पु.	केटाहरू वर आए।	पुलिङ्ग	बहुवचन
४	फल्याउटि ओडि आइन्	केटी-वव. स्त्री. वर-क्रिवि. वव. स्त्री. आउ-भू-वव. स्त्री.	केटीहरू वर आइन्।	स्त्रीलिङ्ग	बहुवचन
५	फल्याउटो पुडो गयो	केटो-एव. पु. पर-क्रिवि. एव. पु. जा-भू-एव. पु.	केटो पर गयो। पुलिङ्ग	एकवचन	
६	फल्याउटि पुडि गइ	केटी-एव. स्त्री. पर-क्रिवि. एव. स्त्री. जा-भू-एव. स्त्री.	केटी पर गई। स्त्रीलिङ्ग	एकवचन	
७	फल्याउटा पुडा गया	केटा-वव. पु. पर-क्रिवि. वव. पु. जा-भू-वव. पु.	केटाहरू पर गए।	पुलिङ्ग	बहुवचन
८	फल्याउटि पुडि गइन्	केटी-वव. स्त्री. पर-क्रिवि. वव. स्त्री. जा-भू-वव. स्त्री.	केटीहरू पर गइन्।	स्त्रीलिङ्ग	बहुवचन
९	फल्याउटो उमो गयो	केटो-एव. पु. माथि-क्रिवि. एव. पु. जा-भू-एव. पु.	केटो माथि गयो।	पुलिङ्ग	एकवचन
१०	फल्याउटि उमि गइ	केटी-एव. स्त्री. माथि-क्रिवि. एव. स्त्री. जा-भू-एव. स्त्री.	केटी माथि गई।	स्त्रीलिङ्ग	एकवचन
११	फल्याउटि उमि गइन्	केटी-वव. स्त्री. माथि-क्रिवि. वव. स्त्री. जा-भू-वव. स्त्री.	केटीहरू माथि गइन्।	स्त्रीलिङ्ग	बहुवचन
१२	फल्याउटो उदो गयो	केटो-एव. पु. तल-क्रिवि. एव. पु. जा-भू-एव. पु.	केटो तल गयो।	पुलिङ्ग	एकवचन
१३	फल्याउटि उदि गइ	केटी-एव. स्त्री. तल-क्रिवि. एव. स्त्री. जा-भू-एव. स्त्री.	केटी तल गइ। स्त्रीलिङ्ग	एकवचन	
१४	फल्याउटा उदा गया	केटा-वव. पु. तल-क्रिवि. वव. पु. जा-भू-वव. पु.	केटाहरू तल गए।	पुलिङ्ग	बहुवचन
१५	फल्याउटि उदि गइन्	केटी-वव. स्त्री. तल-क्रिवि. वव. स्त्री. जा-भू-वव. स्त्री.	केटीहरू तल गइन्।	स्त्रीलिङ्ग	बहुवचन

तालिका १ मा देखाइएअनुसार अछामी भाषामा प्रयोग हुने 'ओडो', 'ओडि', 'ओडा' जस्ता मूल स्थानिक क्रियाविशेषणहरू साधारण अर्थमा 'त्यहाँ', 'उता', 'पल्लो' आदि स्थान सूचक शब्द हुन् । तर यी क्रियाविशेषणहरू स्थिर रहँदैनन्; बरु कर्ताको लिङ्ग (पुलिङ्ग/स्त्रीलिङ्ग) र वचन (एकवचन/बहुवचन) अनुसार तिनीहरूको रूप परिवर्तन हुन्छ । उदाहरणका लागि, यदि कर्ता पुलिङ्ग एकवचनमा छ भने मूल रूप 'ओडो' प्रयोग हुन्छ; स्त्रीलिङ्ग एकवचन कर्तासँग 'ओडि' हुन्छ; त्यस्तै बहुवचन कर्ता भएमा 'ओडा' रूप आउँछ । यसरी एउटै स्थानिक क्रियाविशेषणले कर्तासँग व्याकरणिक सम्बन्ध अनुसार भिन्न-भिन्न रूप ग्रहण गर्दछ ।

सामान्यतया क्रियाविशेषणहरू भाषामा अविकारी (invariable) मानिन्छन्, किनकि तिनीहरूले समय, स्थान, तरिका आदि सूचित गर्छन् तर व्याकरणिक रूपमा रूप परिवर्तन गर्दैनन् । तर अछामी भाषामा भने यस्तो सामान्य नियम भङ्ग भएको देखिन्छ । यहाँ क्रियाविशेषणहरू स्वयं वचन र लिङ्गसँग सुसम्बद्ध हुने गरी प्रत्यय (-ओ, -इ, -आ) ग्रहण गर्छन् । यसरी जब क्रियाविशेषणले कर्ताको लिङ्ग र वचन अनुसार रूप बदल्छ, तब त्यसलाई व्याकरणिक दृष्टिले 'विकारी' भन्न सकिन्छ ।

यस प्रकारको रूपान्तरणले अछामी भाषालाई अन्य नेपाली बोलीभाषाहरू वा मानक नेपालीसँग भिन्न विशेषता दिएको छ । मानक नेपालीमा 'त्यहाँ', 'उता', 'पल्लो' जस्ता क्रियाविशेषणहरू कर्ताको लिङ्ग वा वचनसँग परिवर्तन हुँदैनन् । तर अछामीमा भने यस्ता स्थानसूचक क्रियाविशेषणहरू वाक्यको कर्तासँग व्याकरणिक सहसम्बन्ध राख्छन् । यसले अछामी भाषाको संरचनामा उच्च स्तरको व्याकरणिक संगति (agreement) प्रणाली रहेको प्रमाणित गर्छ ।

सामाजिक-सांस्कृतिक दृष्टिले हेर्दा, यस्तो भाषिक रूपान्तरणले स्थानीय भाषाभाषी समुदायमा पहिचान, एकरूपता र परम्परागत भाषिक प्रयोगलाई बलियो बनाएको देखिन्छ । यसले दैनिक संवादलाई अझै सजीव र स्थानीय भाषिक विशेषतासहित प्रस्तुत गर्ने अवसर दिन्छ। अछामी भाषामा 'ओडो', 'ओडि', 'ओडा' जस्ता स्थानिक क्रियाविशेषणहरूको लिङ्ग र वचनका आधारमा हुने रूपान्तरणले क्रियाविशेषणलाई व्याकरणिक रूपमा विकारी बनाएको छ, जुन अन्य धेरै नेपाली भाषिक रूपभाषामा नदेखिने अद्वितीय विशेषता हो ।

नाम र व्युत्पन्न क्रियाविशेषणबीच सङ्गति

मूल क्रियाविशेषण नभई अन्य शब्दहरूबाट विभिन्न तरिकाले बनाइएका वा निर्मित क्रियाविशेषण नै व्युत्पन्न क्रियाविशेषण हुन्। यिनीहरू नाम, विशेषण, क्रियामूल आदि शब्दमा प्रत्यय, द्वित्व वा अन्य प्रक्रियाबाट बनेका हुन्छन्। नेपाली र अन्य भाषामा पनि नाम र व्युत्पन्न क्रियाविशेषणकाबीच नामको वचन, लिङ्गका आधारमा सङ्गति भएको देखिदैन। अछामी भाषामा नाम र व्युत्पन्न क्रियाविशेषणकाबीचको सङ्गति व्यवस्था यसप्रकार रहेको पाइन्छ।

तालिका २

नाम र व्युत्पन्न क्रियाविशेषणबीच सङ्गति

क्र.सं.	वाक्य (अछामी)	विश्लेषण	वाक्य (नेपाली)	लिङ्ग	वचन
१६	चेलो तेम्मो गयो	छोरो-एव. पु. त्यहाँ-क्रिवि. एव. पु. जा-भू. पु. एव.	छोरो त्यहाँबाट गयो	पुलिङ्ग	एकवचन
१७	चेलि तेम्मि गइ	छोरी-एव. स्त्री. त्यहाँ-क्रिवि. एव. स्त्री. जा-इ	छोरी त्यहाँबाट गइ	स्त्रीलिङ्ग	एकवचन
१८	चेला तेम्मा गया	छोरा-वव. पु. त्यहाँ-क्रिवि. वव. पु. जा-भू. वव. पु.	छोराहरू त्यहाँबाट गए	पुलिङ्ग	बहुवचन
१९	चेलि तेम्मि गइन्	छोरी-वव. स्त्री त्यहाँ-क्रिवि. वव. स्त्री. जा-भू. वव. स्त्री.	छोरीहरू त्यहाँबाट गइन्	स्त्रीलिङ्ग	बहुवचन
२०	चेलो ह्याम्मो गयो	छोरो-एव. पु. यहाँ-क्रिवि. एव. पु. जा-भू. एव. पु.	छोरो यहाँबाट गयो	पुलिङ्ग	एकवचन
२१	चेलि ह्याम्मि गइ	छोरी-एव. स्त्री. यहाँ-क्रिवि. एव. स्त्री. जा-स्त्री. एव.	छोरी यहाँबाट गइ	स्त्रीलिङ्ग	एकवचन
२२	चेला ह्याम्मा गया	छोरा-वव. पु. यहाँ-क्रिवि. वव. पु. आ. जा-भू. वव. पु.	छोराहरू यहाँबाट गए	पुलिङ्ग	बहुवचन
२३	चेलि ह्माम्मि गइन्	छोरी-वव. स्त्री. यहाँ-क्रिवि. वव. स्त्री. आ. जा-स्त्री. वव.	छोरीहरू यहाँबाट गइन्	स्त्रीलिङ्ग	बहुवचन
२४	चेलो काम्मो गयो	छोरी-एव. पु. कहाँ-क्रिवि. एव. पु. जा-भू. एव. पु.	छोरी कहाँबाट गयो	पुलिङ्ग	एकवचन
२५	चेलि काम्मि गइ	छोरी-एव. स्त्री. कहाँ-क्रिवि. एव. स्त्री. जा-स्त्री. एव.	छोरी कहाँबाट गइ	स्त्रीलिङ्ग	एकवचन
२६	चेला काम्मा गया	छोरा-वव. पु. कहाँ-क्रिवि. वव. पु. आ. जा-भू. वव. पु.	छोराहरू कहाँबाट गए	पुलिङ्ग	बहुवचन
२७	चेलि काम्मि गइन्	छोरी-वव. स्त्री. कहाँ-क्रिवि. वव. स्त्री. आ. जा-स्त्री. वव.	छोरीहरू कहाँबाट गइन्	स्त्रीलिङ्ग	बहुवचन
२८	चेलो ह्वाम्मो गयो	चेल-ओ ह्वाम्म-ओ गयो	छोरो उहीँबाट गयो	पुलिङ्ग	एकवचन
२९	चेलि ह्वाम्मि गइ	केटी-एव. स्त्री. उहीँ-क्रिवि. एव. स्त्री. जा-इ	छोरी उहीँबाट गइ	स्त्रीलिङ्ग	एकवचन
३०	चेला ह्वाम्मा गया	छोरा-वव. पु. उहीँ-क्रिवि. वव. पु. आ. जा-भू. वव. पु.	छोराहरू उहीँबाट गए	पुलिङ्ग	बहुवचन
३१	चेलि ह्वाम्मि गइन्	छोरी-वव. स्त्री. उहीँ-क्रिवि. वव. स्त्री. आ. जा-स्त्री. वव.	छोरीहरू उहीँबाट गइन्	स्त्रीलिङ्ग	बहुवचन
३२	चेलो जाम्मो गयो	केटो-एव. पु. जहाँ-क्रिवि. एव. पु. जा-भू. एव. पु.	छोरो जहाँबाट गयो	पुलिङ्ग	एकवचन
३३	चेलि जाम्मि गइ	केटी-एव. स्त्री. जहाँ-क्रिवि. एव. स्त्री. जा-स्त्री. एव.	छोरी जहाँबाट गइ	स्त्रीलिङ्ग	एकवचन
३४	चेला जाम्मा गया	छोराहरू-वव. पु. जहाँ-क्रिवि. वव. पु. आ. जा-भू. वव. पु.	छोराहरू जहाँबाट गए	पुलिङ्ग	बहुवचन
३५	चेलि जाम्मि गइन्	छोरी-वव. स्त्री. जहाँ-क्रिवि. वव. स्त्री. आ. जा-स्त्री. वव.	छोरीहरू जहाँबाट गइन्	स्त्रीलिङ्ग	बहुवचन

माथिको तालिकाका आधारमा अछामी भाषामा 'त्यहाँ' (तेम्मो, तेम्मि, तेम्मा), 'यहाँ' (ह्याम्मो,

ह्याम्मि, ह्याम्मा) र 'कहाँ' (काम्मो, काम्मि, काम्मा) जस्ता स्थानबोधक क्रियाविशेषणहरूले नामको वचन र लिङ्गअनुसार रूप परिवर्तन गर्ने व्यवस्था रहेको पाइन्छ । अन्य धेरै भाषामा क्रियाविशेषणहरू स्थिर र अपरिवर्तनीय हुन्छन् भने अछामीमा भने यी शब्दहरूले नामजस्तै व्यवहार देखाएको पाइन्छ । यसको आधाररूप "ते-/ह्या-/काँ-" स्थानसूचक तत्व हो र त्यसमा जोडिने -म्मो, -म्मि, -म्मा जस्ता विकारी परसर्गहरूले वचन र लिङ्ग निर्धारण गरेको छ । सामान्यतः -म्मो पुल्लिङ्ग एकवचनका लागि, -म्मि स्त्रीलिङ्ग एकवचनका लागि र -म्मा बहुवचनका लागि प्रयोग हुन्छन् । यसरी स्थानबोधक क्रियाविशेषणहरूले पनि संज्ञासँग व्याकरणिक सहमति कायम राख्ने हुँदा अछामी व्याकरणमा क्रियाविशेषणलाई रूपान्तरण हुने विशेष श्रेणीमा राख्न सकिन्छ । यो विशेषता नेपाली जस्ता हिन्दी-आर्य भाषाभन्दा फरक छ, जहाँ 'त्यहाँ, यहाँ, कहाँ' स्थिर रहन्छन् । यसरी अछामी भाषाको क्रियाविशेषणीय रूपान्तरण प्रणालीले यस भाषामा नाम र क्रियाविशेषणबीचको व्याकरणिक विशेषतालाई देखाएको छ ।

कर्म र क्रियाविशेषणको सङ्गति

वाक्यको संरचनामा प्रयोग हुने क्रिया र त्यसलाई विशेष्य गर्ने क्रियाविशेषणबीचको मिलान कर्म र क्रियाविशेषणको सङ्गति हो । क्रियाविशेषणले क्रियाको तरिका, समय, स्थान, कारण, परिमाण आदिलाई स्पष्ट पार्ने भएकाले त्यसले क्रियासँग अर्थगत र प्रयोगगत रूपमा मेल खानुपर्छ। यदि क्रिया र क्रियाविशेषणबीच असङ्गति रह्यो भने वाक्य अस्वाभाविक, अस्पष्ट वा अशुद्ध बन्छ । अछामी भाषामा कर्म र क्रियाविशेषणकाबीचको सङ्गति यसप्रकार रहेको पाइन्छ ।

तालिका ३

कर्म र क्रियाविशेषणको सङ्गति

क.सं.	वाक्य (अछामी)	विश्लेषण	वाक्य (नेपाली)	लिङ्ग	वचन
३६	फल्याउटोल फल्याउटिकि हप्रम्मि धेक्यो	केटो-एव. पु. ऊर्जा. केटी-एव. स्त्री. सम्प्रा. माथि-क्रिवि. एव. स्त्री. देख्-भूका. ३ एव. पु.	केटाले केटीलाई माथितिर देख्यो	पुलिङ्ग	एकवचन
३७	फल्याउटि ल फल्याउटा कि हप्रम्मो धेकि	केटी-एव. स्त्री. ऊर्जा. केटो-एव. पु. सम्प्रा. माथि क्रिवि. एव. स्त्री. देख्-भूका. ३ एव. स्त्री.	केटीले केटालाई माथितिर देखी	स्त्रीलिङ्ग	एकवचन
३८	फल्याउटा ल फल्याउटि कि हप्रम्मि धेक्या	केटा-वव. पु. ऊर्जा. केटी-एव. स्त्री. सम्प्रा. माथि-क्रिवि. वव. पु. आ. देख्-भूका. ३ वव. पु. आ.	केटाहरूले केटीलाई माथितिर देखे	पुलिङ्ग	बहुवचन
३९	फल्याउटि ल फल्याउटा कि हप्रम्मा धेकिन्	केटो-वव. स्त्री. ऊर्जा. केटी-एव. स्त्री. सम्प्रा. माथि-क्रिवि. वव. स्त्री. आ. देख्-भूका. ३ वव. स्त्री. आ.	केटीहरूले केटालाई माथितिर देखे	स्त्रीलिङ्ग	बहुवचन

अछामी भाषामा क्रियाविशेषणको रूपान्तरण प्रणाली अन्य नेपाली भाषाभन्दा भिन्न र मौलिक देखिन्छ । प्रायः भाषामा क्रियाविशेषण स्थिर रहन्छ र कर्ता वा कर्मअनुसार परिवर्तन हुँदैन, तर अछामी भाषामा हप्रम्मो, हप्रम्मि र हप्रम्मा जस्ता क्रियाविशेषणहरूले भने कर्मको लिङ्ग वा वर्गअनुसार रूप फेर्ने विशेषता पाइन्छ । तालिकाअनुसार फल्याउटा हप्रम्मो (केटोलाई राम्ररी), फल्याउटि हप्रम्मि (केटीलाई राम्ररी) र फल्याउट हप्रम्मा (वस्तुलाई राम्ररी) जस्ता वाक्य संरचनामा क्रियाविशेषण कर्मसँग मेल

खानेगरी बदलिएको देखिन्छ । यसरी कर्मअनुसार क्रियाविशेषणमा हुने रूपान्तरणलाई कर्मगत सङ्गति भनिन्छ । यो व्यवस्था भाषाको वाक्यात्मक संरचनामा थप जटिलता ल्याउने भए पनि यसले वाक्यलाई अर्थगत रूपमा अझ स्पष्ट र सशक्त बनाउँछ । विशेषतः जब वाक्यमा कर्ता र कर्म दुवै उपस्थित हुन्छन्, त्यस्तो अवस्थामा क्रियाविशेषणको रूप नै कर्मको पहिचान गर्ने एउटा अतिरिक्त सूचकका रूपमा काम गर्छ। यस कारण अछामी भाषा संरचनात्मक रूपमा नेपालीका अन्य उपभाषाभन्दा फरक देखिन्छ, जसले यसलाई मौलिक र विशेष बनाएको छ।

निष्कर्ष

यस अध्ययनले अछामी भाषालाई नेपाली भाषाको एक भाषिका मात्र नभई स्वतन्त्र अस्तित्व भएको मौलिक भाषा भएको प्रमाणित गरेको छ। विशेषतः यसमा मूल तथा व्युत्पन्न क्रियाविशेषणहरू नाम, कर्ता र कर्मको लिङ्ग तथा वचनअनुसार रूपान्तरित हुने तथ्य उजागर भएको छ, जसले अछामी भाषालाई अन्य भारोपेली भाषाभन्दा संरचनात्मक रूपमा भिन्न र अद्वितीय बनाएको छ । अध्ययनले प्रस्तुत गरेको क्रियाविशेषणको रूपान्तरण प्रक्रिया केवल व्याकरणिक नियमसम्म सीमित नभई सामाजिक संरचनासँग पनि अन्तर्सम्बन्धित रहेको देखाउँछ, जसले लैङ्गिक असमानताको भाषिक प्रतिबिम्बलाई स्पष्ट पार्दछ । यस दृष्टिले, प्रस्तुत अनुसन्धानले अछामी भाषाको मौलिक पहिचानलाई वैज्ञानिक ढङ्गले अभिलेखीकरण गर्नुका साथै पहाडी भाषा परिवारको तुलनात्मक अध्ययन, समाज-भाषावैज्ञानिक अनुसन्धान तथा भाषा संरक्षण र शैक्षिक सामग्री निर्माणका लागि महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

कृतज्ञता

यो लेख सोबन सिंह जीना विश्वविद्यालय, अल्मोडा, उत्तराखण्ड तथा अन्तर्राष्ट्रिय सहयोग परिषद् (नेपाल अध्ययन केन्द्र), नयाँ दिल्लीद्वारा २७-२९ जुन २०२२ मा आयोजित अन्तर्राष्ट्रिय सेमिनार ‘Indo–Nepal Relations and UttarakhandM Shared History and Culture’ मा प्रस्तुत गरिएको कार्यपत्रमा आधारित छ । उक्त कार्यपत्र प्रस्तुतिपछिका सुझावहरूलाई समेटी यसलाई अन्तिम रूप दिइएको छ । यसै सिलसिलामा आयोजक संस्थाहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

संक्षिप्त शब्दावली

३ - तृतीय पुरुष
आ. - आदरार्थी
ऊर्जा - ऊर्जावत कारक
एव. - एकवचन
त्रिवि - त्रिभुवन विश्वविद्यालय
पु. - पुलिङ्ग
भूका. - भूतकाल
वव. - बहुवचन
स्त्री. - स्त्रीलिङ्ग

सन्दर्भ सूची

Blair, F. (1990). *Survey on a Shoestring -A Manual for Small–Scale Language Surveys. SIL & University of Texas*. https://www.abebooks.com/988083126448/Survey–Shoestring–Manual–Small–Scale–Language–0883126443/plp

CBS (2021). *National Population And Housing Census National Report on Caste Ethnicity Language and Religion.* Kathmandu, Nepal. https://www.google.com/search,qÖCBS. (2021).

Firth, J. R. (1957). Papers in Linguistics, 1934-1951). *London*, UKM Oxford University Press.

Fishman, J. A. (1970). *Sociolinguistics: A Brief Introduction*. Rowley, MAM Newbury House Publishers.

Hoey, M. (2005). *Lexical priming: A new theory of words and language*. London, UKM Routledge. https://doi.org/10.4324/9780203327630

Sinclair, J.M. (1991). *Corpus, Concordance, Collocation*. Oxford, UKM Oxford University Press.

अधिकारी, जितानन्द. (२०६४). *अछामी मागल गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

उपाध्याय, खगेन्द्रप्रसाद. (२०७२). *अछामी भाषिका र नेपाली भाषाको व्यतिरेकी अध्ययन* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

उपाध्याय, जनकदत्त. (२०६४). *अछामी लोक कथाको संरचनात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

घोडासैनी, खगेन्द्र. (२०७६). *अछामी भासाको व्याकरङ्.* सनलाइट पब्लिकेसन ।

घोडासैनी, खगेन्द्रप्रसाद. (२०६४). *अछामी भाषिकाको कोश* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा केन्द्रीय विभाग, कीर्तिपुर ।

ढकाल, ऋषिराज. (२०६५). *अछामी भाषिका र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

पोखरेल, बालकृष्ण. (२०३१). *राष्ट्रभाषा.* साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद र प्रधान, मीरा. (२०८१). *नेपाली व्याकरण कोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद. (२०५४). *नेपाली वाक्य व्याकरण.* एकता बुक्स ।

शाह, अभिलाल. (२०६४). *अछामी भाषिकाका व्याकरणात्मक कोटिको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

शाही, हर्कबहादुर. (२०१६). *अछामी भाषाका पद सङ्गति.* Dronachal Journal.

शाही, हर्कबहादुर. (२०५५). *अछामी भाषिका: एक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

शाही, हर्कबहादुर. (२०७०). *अछामी भाषाको अध्ययन* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). नेपाल संस्कृत विश्वविद्यालय, दाङ ।

सोडारी, हिक्मतबहादुर. (२०६७). *अछामी भाषिकामा रहेका व्याकरणात्मक कोटिको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली विभाग, रत्नराज्य क्याम्पस, काठमाडौं ।

हिन्दी की ७ बोलियाँ, पहाड़ी हिन्दी, कुमायूँनी, गढ़वाली ।

Pahadi hindi ki boliyan – YouTube, accessed on September, 2025, https:// www.youtube.com